Summit Times 06·06·22

# Minister inspects Rinchenpong fire site



**Soreng, 05 Jun [IPR]:** Lok Nath Sharma, Minister (Agriculture),today visited the spot in Rinchenpong bazaar where the wooden house of Nim Namgyal Bhutiawas gutted.

He also inspected the adjacent buildings of Ashok Kumar Gautam and Bishnu Prasad Khatiwara which were also damaged in the fire.

The Minister was accompanied by ADC Development, Soreng, Gaayas Pega, SDM Ranjan Rai, SDM (HQ) DR Bista and others officials.

Minister Sharma met the affected family and assured to provide all possible support from the state government. He informed that the Chief Minister has already given necessary directions to the concerned authoritiesto provide immediate relief.

The officials were also informed that a liquor shop of Ongden Bhutia and a utensils' shop with a warehouse of Sohan Lal were totally razed.

Minister Sharma also extended financial assistance of Rs 50,000 as immediate relief.

हाम्रो प्रजाशक्ति 06.06.22

# निम भोटियाको घर जलेर खरानी



**गान्तोक, ५ जून।** सोरेङ जिल्लाअन्तर्गत रिञ्चेबुङ बजार निवासी निम नामग्याल भोटियाको घर आइतबार बिहान भएको आगलागीमा परेर खरानी बनेको छ, जबकी छेवैमा अवस्थित अशोककुमार गौतम र विष्णुप्रसाद खतिवड़ाको बिल्डीङलाई पनि आगलागीले क्षति पुऱ्याएको छ। आगलागीमा परेर ओङ्देन भोटियाको लिक्वेर सप र सोहन लालको भाँडा दोकान पनि खरानी बनेको बताइएको छ। आगलागी आज बिहान लगभग तीन बजी शुरु भएको र यसको कारण अहिलेसम्म थाहा लाग्न सकेको छैन। स्थानीय पुलिस, स्थानीय मानिसहरू र पछिबाट गेजिङ अग्निशमन केन्द्रको सहयोगमा आगोलाई नियन्त्रण गरियो। घटनापछि राज्य सरकारको कृषि विभागका मन्त्री लोकनाथ शर्मा, सोरेङका अतिरिक्त जिल्लापाल (एडीसी) गायस पेघा, महकुमा अधिकारी (एसडीएम) लगायत सम्बन्धित अधिकारीले घटना स्थलको भ्रमण गरेर स्थितिको जायजा लिएको बताइएको छ। मन्त्रीले पीढ़ीत परिवारका सदस्यहरूसित भेट गरेर सिक्किम सरकारको पक्षबाट हुनसक्ने अवश्यक सहयोग पुऱ्याउने वचन दिए भने मुख्यमन्त्रीले घटना पछि तुरन्तै सबन्धित अधिकारीलाई राहतका लागि आवश्यक पहल गर्ने निर्देश दिइसकेको जानकारी दिए। मन्त्री लेकनाथ शर्माले व्यक्तिगत पक्षबाट पीढ़ीत परिवारलाई आर्थिक सहयोग पनि दिएका छन्।